प्रेस विज्ञप्ती

२०७४/११/३

३२ औं अन्तर्राष्ट्रिय मेयर सम्मेलनमा भाग लिन इजरायलमा रहनुभएका काठमाण्डौं महानगरपालिकाका प्रमुख श्री विद्यासुन्दर शाक्यले इजरायलको तेल अभिभ स्थित उच्च प्रविधि सँग सम्बन्धित कम्पनीहरुको अवलोकन गरी अन्तर्क्रिया गर्नु भएको छ। सो अवलोकनका क्रममा प्रमुख श्री शाक्यले इजरायलले प्रविधिको क्षेत्रमा गरेको प्रगतिको प्रशंशा गर्दै यसबाट नेपाले पनि पाठ सिक्नु पर्ने बताउनुभयो। यसै बीच प्रमुख शाक्यले पानी प्रशोधनका विषयमा इजरायलको प्रसिद्ध ताथल कम्पनीका प्रतिनिधिहरुसँग अन्तर्क्रिया गर्दै काठमाण्डौंमा पानी प्रशोधन र नदी संरक्षणको काम आफ्नो प्राथमिकतामा परेकोले आगामी दिनमा यस सम्बन्धि काम अगाडि बढाइने बताउनुभयो । सो अवसरमा इजरायल स्थित नेपाली राजदुत श्री निरन्जन थापा र काठमाण्डौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धनिराम शर्माको पनि उपस्थिति थियो । प्रमुख शाक्यले बुधवार इजरायल स्थित नेपाली दुतावासको अवलोकन गर्नुभयो । सो अवसरमा नेपाली राजदुत श्री निरन्जन थापा र दुतावासका कर्मचारीहरुले प्रमुख शाक्यलाई स्वागत गरेका थिए । प्रमुख शाक्य शुक्रवार स्वदेश फर्कने कार्यक्रम छ ।